# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र सख्या : २०८१/०८२
**Ref.No :2081/082**
चलानी नं. :

तेतरिया,मोरङ्ग
**Tetariya,Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province , Nepal**

विषय: हाटबजार ठेक्का सम्बन्धि सूचना ।
(चौथो पटक प्रकाशित मिति: २०८१।०७।०२)

प्रस्तुत विषयमा यस ग्रामथान गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत रहेको ७ वटै वडाको विभिन्न स्थानमा लाग्ने हटियाहरु आ.व. २०८१।०८२ का लागी ठेक्का आह्वान गर्नुपर्ने भएकोले ईच्छुक नेपाली नागरिक / कम्पनी / फर्महरुले रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | वडा नं. | न्यूनतम अंक मु. अ. कर बाहेक | दरभाउपत्रको मुल्य रु. (फिर्ता नहुते गरि) | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | १/०८१।०८२ | हाट बजार कर लखन्तरी रविहाट | १ | ६०,०००/- | १०००/- | कबोल अङ्कको ५% |
| २ | २/०८१।०८२ | हाट बजार कर झोराहाट | २ | १,२०,००० | १०००/- | कबोल अङ्कको ५% |
| ३ | ३/०८१।०८२ | हाट बजार कर सिधराहा हाट | ३ | ४०,०००/- | १०००/- | कबोल अङ्कको ५% |
| ४ | ४/०८१।०८२ | हाट बजार कर शुक्रबारे, लोहासुर र मोतिपुर | ४ | १,१०,०००/- | १०००/- | कबोल अङ्कको ५% |
| ५ | ५/०८१।०८२ | हाट बजार कर तेतरिया हाट | ५ | १,२५,०००/- | १०००/- | कबोल अङ्कको ५% |
| ६ | ६/०८१।०८२ | हाट बजार कर बनिगामा हाट रविवार र सोमवार | ६ | ३०,०००/- | १०००/- | कबोल अङ्कको ५% |
| ७ | ७/०८१।०८२ | हाट बजार कर बनिगामा हाट मंगलवार र शुक्रवार | ७ | २,००,०००/- | १०००/- | कबोल अङ्कको ५% |
| | | जम्मा | | १४१३६०५/- | | |

**शर्तहरु**

१. सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ०७ औं दिन (२०८१ कार्तिक ०८ गते) सम्म यस कार्यालयमा कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र ०८ औं दिन (२०८१ कार्तिक ०९ गते) दिनको १२:०० बजे सम्म दर्ता गर्न सकिनेछ र सोही दिनको २:०० बजे सिलबन्दी दरभाउपत्र दाता र अन्य प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

तेतरिया,मोरङ्ग
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal


पत्र संख्या : २०८१/०८२
Ref.No :2081/082
चलानी नं. :

३. सिलबन्दी दरभाउपत्र दाताले धरौटी बापत आफुले कबोल गरेको अङ्कको ५ प्रतिशत रकम यस कार्यालयको नाममा रहेको एन.आई.सी. एसिया बैंकको धरौटी खाता नं. ६९४१०००५८३६५२४०३ मा जम्मा गरेको सक्कल प्रति भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र सकार गरेको मितिले १५ दिन भित्र सम्झौता गरी आफुले कबोल गरेको रकम अग्रिम रुपमा एकमुष्ट बुझाउनु पर्नेछ ।

५. उल्लेखित शर्त पूरा नगरेमा ठेक्का स्वीकृत भईसकेको भएतापनी ठेक्का बदर गर्न सकिनेछ र ठेक्का बदर गर्नु परेमा धरौटी रकम समेत जफत हुनेछ ।

६. ठेक्का सम्झौता बखत कुनै प्रकारको छुट दिइने छैन् साथै ठेक्का सम्झौता भएपछी बन्द हड्ताल जस्ता कारणले कर छुट वा मिनाहाको लागी ठेकदार पक्षबाट दावी गर्न पाईने छैन् ।

७. गाउँपालिका ले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ । साथै ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

८. करका दररेटहरु गाउँपालिकाले तोके बमोजिम अशुल उपर गर्नुपर्नेछ अन्यथा बढी रकम अशुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ ।

९. हटियामा लाग्ने सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पूर्ण खर्च तथा अन्य लाग्ने राजस्व तथा कर ठेकेदार स्वयमले व्यहोर्नु पर्नेछ ।

१०. यस गाउँपालिका अन्तर्गत विगतमा बुझाउनुपर्ने ठेक्का पेश्की बेरुजु रहेको व्यक्ति वा परिवारको अन्य सदस्य ठेक्कामा सहभागि हुन पाउने छैन तर दरभाउपत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखिला गरेमा ठेक्कामा सहभागी हुन बाधा पर्ने छैन् ।

११. सिलबन्दी फारममा आफुले कबोल गरेको ठेक्का रकम अङ्क र अक्षर दुबैमा केरमेट नगरि स्पष्ट लेख्नु पर्नेछ । तर अङ्क अक्षर फरक परेमा सार्वजनिक हितको सिद्धान्तलाई मानि निर्णय गर्नलाई बाधा पर्ने छैन ।

१२. दरभाउपत्र खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी फर्म वा कम्पनीको ईजाजतपत्र, मू. अ. कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

१३. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् ।

१४. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट सोही समयमा गरिनेछ ।

१५. उल्लेखित शर्तहरु वाहेक अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ । साथै जानकारीको लागी यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

१. श्री ७ वटै वडा कार्यालयहरु (सूचना टाँस गरि जानकारी पठाई दिनुहुन) ।
२. श्री सुचना प्रविधि शाखा ( वेवसाईटमा अपलोड गरिदिनु हुन) ।


वेबसाइट: http://gramthanmun.gov.np/ इमेल : info@gramthanmun.gov.np सम्पर्क नं. ९८५२०५१७९४